# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
चलानी नम्बर :

मितिः२०८२।१०।०७
ने.सं. ११४६ सिल्लाथ्व तृतिया

**राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सूचना**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह समन्वय शाखाको प.सं. २०८२।०८३, च.नं. २३७, मिति २०८२।१०।०४ को वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी पत्र र सो साथ प्राप्त सूचना अनुसार आवश्यक न्यूनतम योग्यता पुगेका उद्यमीहरुले यसै साथ संलग्न गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनामा उल्लेख भए बमोजिम मिति २०८२।१०।२२ गते भित्र आवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

२०८२।१०।०७

..................
गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं

अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२।१०।०२

वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी राष्ट्रिय उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरूलाई उनीहरूको योगदानको कदरस्वरूप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदान गरिने पुरस्कारका लागि देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले **"विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६"** को अनुसूची २ अनुसारको आवेदन फाराम भरी खामबन्दी गरी तपसिलमा उल्लिखित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१(एक्काइस) दिन (मिति २०८२।१०।२२) भित्र यस मन्त्रालयको सूचना प्रविधि तथा तथ्याङ्क शाखामा दर्ता गराउन वा स्क्यान गरी मन्त्रालयको इमेल ठेगाना info@moless.gov.np मा पठाउनु हुन अनरोध गरिन्छ। आवेदनको फाराम र सो सम्बन्धी कार्यविधि यस मन्त्रालयको वेबसाइट www.moless.gov.np बाट Download गर्न सकिनेछ। थप जानकारीका लागि www.moless.gov.np हेर्नुहुन वा फोन नं. ९८४३७२५००० मा सम्पर्क गर्नुहुन अनरोध छ।

| आवश्यक योग्यता | अनुसूची फाराम २ साथ संलग्न गर्नुपर्ने कागजात (प्रतिलिपिको हकमा स्वयं प्रमाणित गर्नुपर्ने) |
|---|---|
| १. कार्य भिसामा विदेश गई कम्तीमा १ वर्ष काम गरी फर्किएको,<br>२. वैदेशिक रोजगारीबाट नेपाल फर्की व्यवसाय सञ्चालन गरेको न्यूनतम १ वर्ष पूरा भएको,<br>३. विगत ५ वर्षभित्र यस मन्त्रालयबाट यस प्रकारको पुरस्कार प्राप्त नगरेको। | १. नेपाली नागरिकताको प्रतिलिपि,<br>२. श्रम स्वीकृतिको प्रतिलिपि,<br>३. भिसा सहितको राहदानीको प्रतिलिपि,<br>४. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>५. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>६. गत आ.व. २०८१।०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>७. यस अघि पुरस्कार प्राप्त नगरेको स्वघोषणा। |

पुनश्चः १. विगत वर्षहरूमा यस प्रकारको पुरस्कारको लागि आवेदन पेस गरेका तर पुरस्कारको लागि छनौटमा नपरेका उद्यमीहरूले समेत आवेदन दिन सक्नेछन्।

२. उद्यमी पुरस्कारको लागि छनौट गर्दा; रोजगारी सिर्जना, पूँजी लगानी, स्थानीय साधन, स्रोत र प्रविधिको प्रयोग, उत्पादन निर्यात गरेको, सामाजिक दायित्व वहन, वातावरणमैत्री प्रविधि प्रयोग तथा प्रदुषण व्यवस्थापन र उद्यम सञ्चालन गरेको भौगोलिक क्षेत्रलाई आधार लिई मूल्याङ्कन गरिने हुँदा यी आधारहरू पुष्ट्याई हुने प्रमाणित कागजातहरू समेत संलग्न गर्नुहुन सूचित गरिन्छ।

(गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना)